**Journal of Tikapur Multiple Campus**
Vol.8; February 2025
ISSN: 2382-5227
Published by Research Management Committee (RMC)
Tikapur Multiple Campus, Kailali, Nepal

# ‘प्रवेश निषिद्ध देश’ कथाको रचनाविधान

डिल्लीराम ढकाल
उपप्राध्यापक, याज्ञवल्क्य लक्ष्मीनारायण विद्यापीठ, नेसंवि, नेपाल
Corresponding Author's Email: mdkl.dilliram@gmail.com

## सारसङ्क्षेप

प्रस्तुत लेखको उद्देश्य कथाकार विजय मल्ल (१९८२-२०५६) द्वारा रचित कथा ‘प्रवेश निषिद्ध देश’ को रचनाविधान पहिल्याउनुरहेको छ। रचनाविधानलाई सैद्धान्तिक आधार बनाइएको यस लेखमा कृतिबाट तथ्य सङ्कलन गरिएको छ। सोद्देश्यमूलक नमुना छनोट विधिको प्रयोग गरिएको प्रस्तुत लेखमा कथाको संरचना र रूपविन्यासलाई रचनाविधानको मुख्य स्रोतको रूपमा उपयोग गरिको छ। कथाका मुख्य अवयवका रूपमा रहेका कथावस्तु, चरित्र, परिवेश, दृष्टिविन्दु र सारवस्तुको सामूहिक स्वरूपलाई आधार बनाई ‘प्रवेश निषिद्ध देश’ कथाको रचनाविधानको पहिचान गरिएको छ। प्रस्तुत कथामा मान्छेले जतिसुकै भौतिक प्रगति गरे पनि मान्छेको मूल्य मान्छेविना सम्भव छैन भन्ने अस्तित्ववादी चिन्तन मुखरित भएको छ। वैज्ञानिक उन्नति गरी मानवहीन देशको पात्र नवआगन्तुक र अर्को देशको पात्र ‘म’ का बिचको रोचक काल्पनिक संवाद रहेको प्रस्तुत कथा एक वैज्ञानिक विषयवस्तुमा आधारित छ। ‘म’ पात्र रुखको छहारीमुनि आराम गरिरहेको समयमा एउटा गोलाकारमा नवागन्तुक आएको छ। नवागन्तुकले म पात्रलाई प्रवेश निषिद्ध देशमा लगी विज्ञानको चमत्कार र त्यस देशमा प्रवेश गर्न खोज्ने व्यक्तिको यन्त्रद्वारा हत्या भएको देखाएको छ। म पात्र आतङ्कित भएर अर्कै देशमा लगिदिन आग्रह गर्छ। यसमा वर्णनात्मक तथा चित्रात्मक शैलीको प्रयोग गरिएको छ। कथा आदि, मध्य र अन्त्यको रैखिक ढाँचामा अनुबन्धित छ। भाषाशैली केही फरक लागे पनि बुझिने खालको रहेकाले कथा संवृत्त रूपविन्यासमा रचिएको छ। विषयवस्तुमा सामान्य कथामा भन्दा पृथक्ता देखिएकाले प्रस्तुत कथा मध्यम खालका पाठकका लागि पठनयोग्य रहेको ठहर गरिएको छ ।

**मुख्य शब्दावली :** संवृत्त ,संरचना, रूपविन्यास, स्वैरकल्पना, यन्त्र

*Copyright 2025 © Author(s)* *This open access article is distributed under a Creative Commons Attribution-Non Commercial 4.0 International (CC BY-NC 4.0) License.*

## परिचय

विजय मल्ल नेपाली साहित्यका बहुमुखी स्रष्टा हुन् । उनले नेपाली साहित्यका कथा, कविता तथा नाटक र उपन्यासका क्षेत्रमा कलम चलाएर विशेष साहित्यिक मूल्य प्रदान गरेका छन् ( श्रेष्ठ, सन् २०२१, अनु.१) । नेपाली कथासाहित्यमा मनोवैज्ञानिक सचेतताका साथै मनोविश्लेषणात्मक धारालाई स्थापित गर्नु मल्लको मुख्य प्रवृत्तिगत योगदान रहेको छ । नवीन चेतना र फरक ढाँचाका साथ रचिएका उनका कथाहरू अन्याय, अत्याचारका विरुद्धमा आवाज उठाउँदै विज्ञान, मनोविज्ञान, समाजविज्ञानका माध्यमबाट स्वस्थ, गतिशील, समतामूलक समृद्ध समाजको निर्माणमा अग्रसर देखिन्छन् । उनको पहिलो कथा शारदा वर्ष ९, अङ्क १०-११, माघ- फागुन २००० सालमा प्रकाशित 'दस रुपियाँ' हो । उनका प्रकाशित कृतिहरूमध्ये कविता सङ्ग्रहका रूपमा *विजय मल्लका कविता* (२०१६) प्रकाशित भएको पाइन्छ । *एकबाटो अनेक मोड* (२०२६), *परेवा र कैदी* (२०३४), *मान्छेको नाच र अन्य कथा* (२०५५) आदि उनका कथासङ्ग्रहहरू हुन् । *कोही किन बर्बाद होस्* (२०१६), *जिउँदो लास* (२०१७), *बहुला काजीको सपना* (२०२८), *पत्थरको कथा* (२०२८), *दोभान* (२०३४), *स्मृतिको पर्खालभित्र* (२०४०), *भित्ते घडी* (२०४०), *भूलभूलैयाको यथार्थ* (२०४१), *सृष्टि रोकिँदैन* (२०४८) जस्ता नाट्यकृतिहरू प्रकाशित छन् । *अनुराधा* (२०१८), *कुमारी शोभा* (२०३९) *श्रीमती शारदा* (२०५६) जस्ता उपन्यासहरू प्रकाशित छन् । यिनै विभिन्न कृतिहरूका आधारमा विजय मल्ललाई एक सफल बहुआयामिक सर्जकका रूपमा परिचित गर्न सकिन्छ ।

'प्रवेश निषिद्ध देश' विजय मल्लको पहिलो कथा सङ्ग्रह *एक बाटो अनेक मोड* (२०२६) मा सङ्कलित कथा हो । यसमा मानवजीवलाई अस्तित्ववाद, विसङ्गतिवाद र मनोविज्ञानको त्रिपक्षीय आयाममा विस्तारित गरिएको छ । यस कथाका पात्रहरूमध्ये एउटाले मानवजीवन ध्वस्त पारेर एक्लै बाँच्ने प्रयास गरेको छ भने अर्को शान्त पृथ्वीमा जीवनयापन गर्न चाहन्छ । यस कथाको 'म' पात्र प्रकृतिको सुन्दर काखमा जीवन बिताउन चाहने स्वतन्त्रताप्रेमी पात्र हो तर ऊ यन्त्रको सहायताले फरक धरतीमा प्रवेश गर्दा सङ्कटमा परेको छ । ऊ त्यो स्थलबाट बाहिर निस्किन अनुनय विनय गरेको छ तर सफल हुन सकेको छैन । मृत्युको कालो बादल आफ्नो शिरमाथि मडारिएको देखी बाँच्न सङ्घर्ष गरेकाले म पात्रको माध्यमबाट कथामा

अस्तित्ववादी चेत मुखरित भएको छ । अर्को यन्त्रमा चढेर आउने पात्र नवआगन्तुक पृथ्वीलाई आफ्नो अनुकूल बनाउन चाहन्छ तर ऊ आफू मात्र बाँचेर आफ्नै यन्त्रले परिवारसमेत खरानी भएकामा मनोवैज्ञानिक रूपमा पीडित  देखिन्छ । सबैलाई  मृत्युको मुखमा पुऱ्याएर आफू मात्र बाँच्ने ऊ एक विसङ्गतिवादी पात्र हो । एउटा छुट्टै देशको कल्पना गरी सिङ्गो देशको एक जना शासकले यन्त्रद्वारा सबैको हत्या गरी मानवले गर्ने कार्य सबै गरेको देखाइएकाले प्रस्तुत कथामा स्वैरकल्पनाको समुचित प्रयोग गरिएको छ । यसबाट 'प्रवेश निषिद्ध देश' मा अस्तित्ववाद, विसङ्गतिवाद, स्वैरकल्पना र मनोविज्ञानको चतुर्पक्षीय संयोजन घनीभूत रूपमा उद्‌भाषित गरिएको  छ ।

'प्रवेश निषिद्ध देश' को प्रस्तुति काल्पनिक रहेको छ । यसमा 'म' पात्र र नवागन्तुकका मानसिक उतारचढावलाई काल्पनिक उडानका साथ प्रस्तुत गरिएको छ । 'म' पात्र प्रकृतिको काखमा बसिरहेको समयमा नवआगन्तुक गोलाकार यन्त्र लिएर आउनु, मपात्रलाई  मानवरहित छुट्टै देशमा  लैजानु, दुई करोड मान्छे यन्त्रले मारेको बयान गर्नु जस्ता काल्पनिक घटना हुन् । दुई अरबलाई पुग्ने खाद्यवस्तु उत्पादन गर्नु, फलफूलहरूको पैह्रो लाग्नु, अन्नको पहाड बन्नु, मासुको ढिस्को बन्नु,  खाने कोही नहुनु, म पात्रले देशको द्वार खोल्न भन्दा यन्त्रले घाँटी समाउनु, आदि स्वैरकल्पनामूलक घटना हुन् । मानवजीवनलाई यान्त्रिकताबाट मुक्त गराई प्रकृतिको काखमा जीवन यापन गर्ने वातावरणको अपेक्षा गरिएकाले प्रस्तुत कथाको रूचि क्षेत्र अस्तित्ववाद रहेको छ ।

अस्तित्ववादी, विसङ्गतिवादी चिन्तनलाई मनोविज्ञानको कुशल संयोजनमा कल्पनामूलक ढाँचामा प्रस्तुत गरिएकाले  प्रस्तुत कथाको रीति क्षेत्र स्वच्छन्दतावादी भएको स्पष्ट हुन्छ । 'प्रवेश निषिद्ध देश' कथामा आधारित भएर विभिन्न समीक्षकहरूले कलम चलाए पनि रचनाविधानका अधारमा पर्याप्त अध्ययन गरेको नदेखिएकाले यस लेखमा 'प्रवेश निषिद्ध देश' कथाको रचनाविधानपरक अध्ययन गर्ने उद्देश्य राखिएको छ । उक्त अध्ययनका लागि 'प्रवेश निषिद्ध देश' कथाको रचनाविधान केकसरी भएको छ ? भन्ने मुख्य समस्यामा केन्द्रित भएर प्रस्तुत लेख तयार पारिएको छ । रचनाविधान सिद्धान्तलाई मात्र प्रयोगमा ल्याउनु प्रस्तुत लेखको सीमा रहेको छ ।

## सैद्धान्तिक पर्याधार

आख्यानको रचनाविधानको सिद्धान्त यस अध्ययनको प्रमुख सैद्धान्तिक पर्याधार हो । आख्यानका मुख्य उपकरणहरूका रूपमा कथावस्तु, चरित्र, परिवेश, दृष्टिविन्दु र भाषाशैलीलाई आधार मानिएको छ । आख्यानभित्र कथा र उपन्यास पर्दछन् । यस अध्ययनमा कथाको सैद्धान्तिक पक्षलाई मुख्य आधार मानिएको छ । विशेष गरी कथाका रचनाविधानका सन्दर्भमा भएका अनुसन्धानमूलक लेख तथा पुस्तक र पत्रपत्रिकालाई यस अध्ययनको विश्लेषणको सैद्धान्तिक आधार बनाइएको छ । यसै गरी कथाको मुख्य पाठलाई प्रमुख आधार मानी दयाराम श्रेष्ठको 'कथा दर्शन',(२०७९), दयाराम श्रेष्ठको 'नेपाली कथा,' (भाग,४), (२०६७), खगेन्द्र घोडासैनीको 'कथाको रचनाविधान' (२०७७), खगेन्द्र घोडासैनीको 'नरेन्द्र दाइ उपन्यासको रचनाविधान' (२०८१) आदिलाई आधार मानेर विश्लेषण गरिएको छ ।

पूर्वीय साहित्यशास्त्रमा समीक्षकहरूले मूलतः साहित्यलाई आत्मा तत्त्व र शरीर तत्त्व गरी दुई भागमा विभाजन गरेको पाइन्छ । उनीहरूले आत्मालाई भावकेन्द्री परिभाषाभित्र र शरीरलाई कलाकेन्द्री परिभाषाभित्र समेटेका छन् (पौडेल, २०५७, पृ.३३) । यी दुवै तत्त्वको उचित विधानबाट सृजित रचनाले मात्र साहित्यिक आस्वादन प्रदान गर्न सक्छ भन्ने उनीहरूको मान्यता थियो । आधुनिक कथासाहित्यमा पनि कथाको रचनाविधानमा मुख्यतः दुईओटा पक्षका रूपमा संरचना र रूपविन्यास रहेका छन् । यिनीहरूको अन्तर सङ्घटनात्मक मेलबाट नै हृदयसंवेद्य कथाको निर्माण हुन्छ । साहित्यिक भाषामा साहित्यको रचना हुनु भनेको कुनै कृतिको जन्म मात्र नभई रचनाविधान सम्पन्न हुनु पनि हो । कथाको सन्दर्भमा भन्नुपर्दा रचनाविधान कथाको मूल प्राणतत्त्व हो (घोडासैनी, २०८१, पृ.१८) । कथाकारले आफ्ना विचार, अनुभूति तथा धारणालाई घटना र पात्रको माध्यमबाट निर्माण गरेको आकार नै कथाको संरचना हो (श्रेष्ठ,२०५७, पृ.९) । संरचनामा मूलतः कथावस्तु, चरित्र, दृष्टिविन्दु र सारवस्तु पर्दछन् । कथामा कथाकारद्वारा व्यक्त गरिने कथ्यको महत्त्वपूर्ण भूमिका रहेको हुन्छ । मुख्यतः पाठकसँगको सम्बन्ध जोड्ने अनिवार्य सेतु नै कथ्य हो । तर्कसङ्गत, कलात्मकता, नाटकीयता र अलङ्कारिकताले भरिपूर्ण कथ्यले मात्र संरचनापक्ष सुदृढ बन्दछ । "कथावस्तुलाई एउटा निश्चित आकार प्रदान गरिसकेपछि कथाकारले त्यसलाई सुन्दर बनाउन प्रयोग गर्ने

युक्ति नै 'रूपविन्यास' हो" (श्रेष्ठ,२०५७, पृ.९) । परम्परागत रूपमा कथाका तत्त्वहरूमध्येको भाषाशैलीको विकसित रूप नै वर्तमान रूपको रूपविन्यास हो । भाषा अभिव्यक्तिको माध्यम हो भने त्यसलाई प्रयोग गर्ने ढाँचा हो । अनुप्रासयुक्त आलङ्कारिक कवितात्मक शब्दचयन, सूक्तिमय वाक्यगठन, विम्ब, प्रतीक तथा प्राक् सन्दर्भ आदिको ठिक स्थानमा उचित प्रयोग गर्ने शैलीले मात्र कथा हृदयसंवेद्य बन्न सक्तछ । भाषालाई सौन्दर्यको पगरी गुथाउनमा शैलीको भूमिका महत्त्वपूर्ण भूमिका रहेको हुन्छ ।

कथामा प्रयोग गरिने भाषाशैलीका आधारमा रूपविन्यासलाई संवृत्त र विवृत गरी दुई प्रकारमा विभाजन गर्न सकिन्छ । सरल, सरस, सामान्य भाषाशैलीको प्रयोग गरिएको रूपविन्यासलाई संवृत्त रूपविन्यास भनिन्छ । यस्तो रूपविन्यासमा शास्त्रीय नीतिनियमको पालना गरी भाषिक विचलन हुन नदिई कथ्यलाई प्रश्रय दिइएको हुन्छ । संवृत रूपविन्यासमा विम्ब, प्रतीक, अलङ्कार, प्राक्सन्दर्भ आदिको माध्यमबाट कलात्मकताले भरिपूर्ण विशिष्ट चमत्कृत, प्रयोगशील भाषाशैलीको प्रयोग गरिएको हुन्छ । एउटा सुन्दर कथा बन्न संरचना र रूपविन्यास दुवैको महत्त्वपूर्ण भूमिका रहेको हुन्छ त्यसैले आधुनिक कथामा यी दुईका बिच अन्योन्याश्रित सम्बन्ध रहेको हुन्छ । रूपविन्यासमा पदविन्यास, वाक्यविन्यास, विम्ब तुलना, प्रतीक तुलना, प्राक्सन्दर्भ, उपमा, रूपक आदिजस्ता विविध पक्षहरू समेटिएका हुन्छन् (घोडासैनी, २०७८, पृ.२६) । प्रस्तुत अध्ययनमा मूलतः कथाको संरचना पक्ष र रूपविन्यासलाई मुख्य रूपमा सैद्धान्तिक पर्याधारको रूपमा ग्रहण गरी 'प्रवेश निषिद्ध देश' कथाको रचनाविधानको पहिचान गरिएको छ ।

## अध्ययन विधि र प्रक्रिया

प्रस्तुत कथाको अध्ययनमा निम्नानुसारको अध्ययन विधि अवलम्बन गरिएको छ :

### अध्ययनको ढाँचा

प्रस्तुत कथाको अध्ययनीय ढाँचा गुणात्मक ढाँचासँग सम्बन्धित छ । यस कृतिबाट प्राप्त तथ्यको विश्लेषण गरी निष्कर्ष निकाल्ने काम गरिएको छ ।

### नमुना छनोट

प्रस्तुत कथाको सम्भावानारहित नमुनाछनोट पद्धतिमा निहित उद्देश्यमूलक नमुना छनोट पद्धतिका आधारमा अध्ययन गरिएको छ । प्रस्तुत अध्ययनमा नेपाली भाषामा लेखिएका विभिन्न कथाहरूमध्ये विजय मल्लद्वारा लिखित 'प्रवेश निषिद्ध देश'लाई छनोट गरिएको छ ।

### तथ्य सङ्कलन

प्रस्तुत अध्ययनमा 'प्रवेश निषिद्ध देश'सँग सम्बन्धित विभिन्न कृति र लेखलाई मुख्य आधार बनाई तथ्य सङ्कलन गरिएको छ ।

### तथ्य सङ्कलका साधन

प्रस्तुत अध्ययनमा प्राथमिक र द्वितीय स्रोतसँग सम्बन्धित विभिन्न पत्रपत्रिका, पुस्तकमा प्रकाशित लेख र विद्युतीय माध्यमलाई मुख्य रूपमा उपयोग गरिएको छ। यस अध्ययनसँग सम्बन्धित सामग्रीको गहन अध्ययन र विश्लेषण गरी निष्कर्ष निकाल्ने प्रयास गरिएको छ ।

### तथ्य विश्लेषण प्रक्रिया

प्राप्त तथ्यको वर्णानात्मक र समीक्षात्मक अध्ययन गरी तथ्यको विश्लेषण गरेर निष्कर्षमा पुगिएको छ ।

## परिणाम र छलफल

### रचनाविधानका आधारमा 'प्रवेश निषिद्ध देश' कथाको विश्लेषण

विवेच्य कथा 'प्रवेश निषिद्ध देश' विजय मल्लको कथाकारिताको पहिलो कथासङ्ग्रह *एक बाटो अनेक मोड*मा सङ्कलित छ । प्रस्तुत कथा विज्ञानमूलक विषयवस्तुमा रचिएको छ । स्वैरकल्पनाको सहारामा अस्तित्ववादी चिन्तनको पृष्ठभूमिमा लेखिएको प्रस्तुत कथा शोषक सामन्तहरूका सूक्ष्मतम यथार्थतालाई रहस्यात्मक शैलीमा मुखरित गरिएको छ। प्रस्तुत

कथामा नवआगन्तुकको मानवरहित एकतन्त्रीय सत्ता मोह र 'म' पात्रको स्वतन्त्र जीवनप्रतिको हार्दिकतालाई चित्रात्मक भाषाशैलीको माध्यबाट कलात्मक प्रस्तुतीकरण गरिएको छ । प्रस्तुत कथाको विश्लेषण तलका विभिन्न शीर्षकहरूका आधारमा गरिको छ :

***रूचिक्षेत्र***

विजय मल्ल मूलतः मनोवैज्ञानिक अस्तित्ववादी कथाकार भएकोले प्रस्तुत कथाको रूचिक्षेत्र मुख्य रूपमा अस्तित्ववाद रहेको छ । रहस्य तथा मनोविज्ञानका बाछिटाहरूलाई पनि प्रस्तुत कथामा स्थान दिइएको पाइन्छ । प्रस्तुत कथाको मुख्य पात्र नवआगन्तुक हो । एउटा सिङ्गो देशमा विज्ञानको चरम उन्नतिको प्रयोग गरी उसले एकलौटी शासन गरेको छ। उसले यन्त्रको सहयोगले चरम भौतिक कार्यलाई अगाडि बढाउँदा देशभरिका मान्छे र सानो छोरासँगै परिवारसमेत गुमाउँछ । यसरी वैज्ञानिक उन्नतिका नाउँमा सबैको हत्या गरेको देखाइएकाले प्रस्तुत कथाको रूचिक्षेत्र विसङ्गतिवादतिर पनि ढल्किएको छ । अन्न, लत्ताकपडा, फलफूल अरबौं भोकानाङ्गाका लागि प्रयोग नगरी उल्टै तिनीहरूको वध गरी त्यसै नष्ट गर्नु पक्कै पनि विसङ्गतिवादका दरिला प्रमाण हुन् । विसङ्गतिवादकै पृष्ठभूमिमा अस्तित्ववादको जन्म हुने हुनाले मूलतः कथाको चुरो अस्तित्ववादमै प्राप्त गर्न सकिन्छ । नव आगन्तुक आफन्तबाट टाढा हुँदा एक्लो अनुभूति गरी अर्को देशको व्यक्ति 'म' पात्रसँग दुख साट्नु, आफूले गरेका कार्यप्रति पश्चात्ताप गरी मानवसँगको सान्निध्यतामा जीवनको अस्तित्वबोध गर्नु, 'म' पात्र छहारीमा बसेको तथा नवआगन्तुकका नरसंहारी कार्यबाट डराएर जीवन बँचाउन अर्कै देशमा लैजान आग्रह गर्नुजस्ता विषयवस्तुले कथाको रूचिक्षेत्रको गर्बिलो पाटो अस्तित्ववाद भएको स्पष्टै छर्लङ्गिन्छ । साथै कथाको मुख्य उद्देश्य पनि मानव अस्तित्वलाई विज्ञानको चरम उन्नतिले ध्वस्त पार्ने रणनीतिबाट जोगाउनुपर्छ भन्ने नै हो । स्वचालित यन्त्रले मान्छेले कुरा गरेको बुझी चिया तयार पारी पिउन दिनु, सीमा प्रवेश गर्नेलाई हत्या गरिदिनु, खेत रोप्नेदेखि लिएर मान्छेले गर्ने सारा काम गर्नुले प्रस्तुत कथाले विज्ञानवादी रहस्यमूलक विषयवस्तुलाई पनि आफ्नो आधारभूमि बनाएको पाइन्छ । यसै गरी नव आगन्तुकले आफूलाई एक्लो ठानी

विगतका क्रियाकलापमा पछुतो मान्नु, आफू यन्त्र भएको अनुभूति गर्नु, म पात्र नयाँ-नौला वस्तु, स्थल नवआगन्तुकका विगतका व्यवहार सुनी आतङ्कित हनुजस्ता विषयवस्तुले प्रस्तुत कथाको रूचिक्षेत्रको आयाम  मनोविज्ञानसम्म फैलिएको पाइन्छ। अतः प्रस्तुत कथाका रूचिक्षेत्रका फाँटहरू फराकिला हुँदाहुँदै पनि मुख्य फाँटको मुख्य केन्द्रविन्दु भने अस्तित्ववादै नै भएको ठहर गर्न सकिन्छ।

### *रीतिक्षेत्र*

आफ्नो रूचिअनुकूल साहित्यलाई प्रस्तुत गर्ने शैलीको क्षेत्रलाई रीतिक्षेत्र भनिन्छ। यसलाई कथा लेख्दा अपनाइने ढाँचा, शैली, प्रणाली, तरिका आदिको नामबाट पनि परिचित गर्न सकिन्छ (भण्डारी र अन्य,२०६७,पृ.१४)। स्वैरकल्पनाको माध्यमबाट आफ्ना विचारलाई स्वतन्त्र रूपमा प्रस्तुत गरिएकाले  प्रस्तुत कथाको रूचिक्षेत्र  स्वच्छन्दतावाद रहेको छ। वैज्ञानिक उन्नति, प्रगतिले भविष्यमा मानवजीवन नै समाप्त हुन सक्ने विषयवस्तु समेटिएको प्रस्तुत कथा कल्पनाको उडानलाई बेजोड कुतूहलताका साथ प्रस्तुत गरिएको छ।  म पात्रसँगको कुराकानीमा नवआगन्तुकले सिङ्गो देशमा एक्लै बिस वर्ष बिताएको जनाएको छ। वर्तमान समयसम्म आइपुग्दा त्यस्तो देश कुनै छैन। त्यसको लागि भविष्य नै पर्खनुपर्छ। यथार्थभन्दा टाढाको विषयवस्तुलाई समेटिएकाले प्रस्तुत कथाको शैलीगत संरचना स्वच्छन्दतावादमै परिपुष्ट भएको पाइन्छ। दुई करोड मान्छेलाई एकलौटी सत्ता प्राप्तिकै लागि मार्नु, करिब अरब मान्छेलाई पुग्ने खाद्यान्न, लत्ताकपडा उत्पादन गर्दै त्यसको उपभोग गर्ने मान्छे छैनन् भन्नु, थाहै नपाई सिमानामा परमाणु सञ्चालित लहरहरूद्वारा प्रवेश गर्न खोज्ने सबैलाई समाप्त पार्नुजस्ता घटनाहरू स्वैरकल्पनाको प्रयोग गरी तयार गरिएका रहस्यमय विषयवस्तु हुन्। एउटा तानशाहले आफ्नो अनुकूल संसारको उपभोग गर्न पाए मानवजीवनको अस्तित्व कसरी समाप्त हुन सक्छ भन्ने दृष्टान्तलाई मनोलोकको प्रवेश गरी तयार पारिएको प्रस्तुत कथा छोटो भइकन पनि सारा संसारका मानवलाई भविष्यको वैज्ञानिक संसार प्रकटीकरण गर्न सफल भएको छ। अतः रहस्य र कल्पानको संसारमा उन्मुक्त विचरण गरेकाले प्रस्तुत कथाको रीतिक्षेत्र स्वच्छन्दतावादी भएको पुष्टि हुन्छ।

## *संरचना पक्ष*

नेपाली शब्दकोश (२०७९) अनुसार ज्ञानविज्ञानसम्बन्धी कुनै पनि वस्तु तत्त्व आदिको ढाँचा वा बनावटलाई संरचना भनिन्छ । प्रस्तुत कथा विजय मल्लको पहिलो कथासङग्रह *एक बाटो अनेक मोड*मा सङ्कलित गरिएको छ । यसले डिमाइ आकारका ६ पृष्ठ ओगटेको छ । लामाछोटा पैंतिस अनुच्छेदमा संरचित प्रस्तुत कथा मझौला आकारमा अनुबन्धित छ ।

## *कथावस्तु*

कथाकारको चिन्तन तथा अनुभूतिजन्य समष्टि अभिव्यक्तिलाई कथावस्तु भनिन्छ । प्रस्तुत कथामा 'म' पात्रले सम्पूर्ण घटनाको वर्णन गरेको छ। प्रस्तुत कथा 'म' पात्र र नवआगन्तुकका बिचको संवादात्मक अभिव्यक्तिका साथ अगाडि बढेको छ। वैज्ञानिक विषयवस्तुलाई अस्तित्ववाद, विसङ्गतिवाद र स्वैरकल्पनाको माध्यमबाट प्रस्तुत गरिएको यस कथामा मानवीय जीवन सङ्कटमा परेको देखाइएको छ । कथा अत्यन्त छोटो आकारको रहेको छ । रैखिक ढाँचामा अनुबन्धित प्रस्तुत कथाको कथावस्तुलाई आदि, मध्य र अन्त्यको शृङ्खलामा राखी निम्नानुसार देखाउन सकिन्छ :

**आदिभाग : '**म' पात्र एक्लै छहारीमा बसिरहेको समयमा अकस्मात् गोलाकार जहाज नजिकै आएर बस्छ । गोलाकार जहाज अत्यन्त आधुनिक र सुविधा सम्पन्न हुन्छ । जहाजमा आएको नवआगन्तुक आधुनिक देखिए पनि चिन्ता र उदासीनताले ग्रस्त देखिन्छ। उसले नव आगन्तुकलाई 'प्रवेश निषिद्ध देश'मा आफूसँगै जान आग्रह गर्दछ। म पात्रले कुनै बाधा व्यवधान नभए जाने कुरा गरेपछि नवआगन्तुकले आफूले सबै प्रबन्ध मिलाउने कुरा गर्छ। म पात्र उसकै पछि लागी जहाज चढ्छ।

**मध्यभाग :** 'म' पात्र सुविधासम्पन्न जहाजमा चढेपछि त्यहाँ भएका अत्याधुनिक सामग्रीबाट प्रभावित हुन्छ । केही समयमा उनीहरू तल ओर्ली एउटा सुन्दर भवनको अगाडि चौरमा बस्छन् । बोलीद्वारा जहाज सञ्चालित हुने, भवनको मूलद्वार नजिक पुग्नेबित्तिकै आफैं खुल्ने, यन्त्रले उठाएर माथि लैजाने आदि यान्त्रिक क्रियाकलापबाट 'म' पात्र छक्क पर्छ। 'म' पात्रले चिया पिउँदै 'प्रवेश निषिद्ध देश' मा मानिसहरूको आवागमन रोकेको बारेमा जिज्ञासा

राखेपछि नवआगन्तुकले गुप्त बाटोबाट छिर्न खोजे पनि नसक्ने जनाउँदै छिर्न खोज्ने दुई जना 'प्रवेश निषिद्ध देश' को सडक छुनासाथ धुवाँ भएको यन्त्रमार्फत देखाउँछ । यो घटनाबाट आतङ्कित भएको 'म' पात्रलाई 'प्रवेश निषिद्ध देश'को चारैतिर नाङ्गो तार नभएर परमाणुका लहरहरू निरन्तर प्रवाह भएकाले त्यहाँ कुनै प्रकारका मान्छे अथवा यन्त्र प्रवेश गर्न नसक्ने केवल आफ्नो जहाज मात्र प्रवेश गर्न सक्ने जनाउँछ । नवआगन्तुकले 'म' पात्रलाई बिस वर्षपछि 'प्रवेश निषिद्ध देश'मा आउने पहिलो व्यक्ति भएको जनाउँछ । उसले पाँच माइल टाढाको खेतमा दुई अरबलाई खान पुग्ने अन्नको उत्पादन, जलवायु नियन्त्रण सबै यन्त्रले गर्ने जनाउँछ । संसारका ठुला पावरहाउस र ड्याम पनि देखाउँछ । उत्पादन गरेका सबै सामग्री त्यसको उपभोग गर्ने कोही नहुँदा यन्त्रले नै अन्त्य गरिदिने जनाउँछ । यन्त्रलाई सबै शान्ति सुरक्षाको जिम्मा दिँदा सबै वैज्ञानिक, करिब दुई करोड जनता र आफ्नो परिवारसमेत भस्म भएर फगत् आफू मात्र एक्लो बाँचेको पीडामय अभिव्यक्ति दिन्छ । पहाड, खोलानाला, जताततै सुनसान रहेको तर यन्त्रहरूले गरेको उत्पादनले अन्नको पहाड, फलफूलको पहिरो, मासुको ढिस्को भए पनि त्यसको प्रयोग गर्ने कोही नहुँदा आफ्नो मन पनि यन्त्रजस्तो भएको अनुभव सुनाउँछ । यसै समयमा 'म' पात्रले देशको द्वार खोलेको खण्डमा मानिस पसिहाल्ने विचाार व्यक्त गर्दछ ।

**अन्त्य भाग :** म पात्रलाई एकाएक दुई ओटा इस्पातले घाँटीमा समाउँछन् । किक्लिक्क हुन लागेर नवआगन्तुकले स्टप भनेपछि मात्र रोकिन्छ र 'म' पात्र मुक्त हुन्छ । नव आगन्तुकले यसरी यो देशमा बोल्नु सार्वभौमिकता र राष्ट्रियताको विपरीत भएको कुरा गर्छ त्यसैले यन्त्रहरूले यही कुरा बुझी हत्या गरिदिने जनाउँछ । नव आगन्तुकले आफू पनि एक प्रकारले बाँधिएको जनाउँदै बाहिर घुम्न जान आग्रह गर्दछ । म पात्र डराएर 'प्रवेश निषिद्ध देश'बाट अर्को देशमा पुऱ्याइदिन आग्रह गरेको देखाई कथाको अन्त्य भएको देखाइएको छ ।

उपर्युक्त आधारमा 'प्रवेश निषिद्ध देश'को कथावस्तु 'म' पात्र र नवआगन्तुकका बिच संयोजन भएको पाइन्छ । उच्च महत्त्वाकाक्षाले मानव जीव नै सङ्कटग्रस्त भएको देखाइएको प्रस्तुत कथामा यन्त्रको प्रयोग मानव अस्तित्वका लागि सही तरिकाले गर्न नसकेमा अभिशाप बन्ने ठहर गरिएको छ । विज्ञानको चमत्कार स्वयम् तानासाहीहरूको लागि समेत मर्नु

न बाँच्नुको अवस्थामा पुऱ्याएको 'प्रवेश निषिद्ध देश' को कथावस्तुको बुनोट कलात्मक संयोजनका साथ तयार पारिएको छ ।

*पात्र*

कथालाई चलायमान बनाउने मानव वा मानवेतर चरित्रलाई पात्र भनिन्छ । कतिपय अवस्थामा पात्रहरू नैतिक र नैसर्गिक गुणहरूले युक्त हुन्छन् भने कतिपय अवस्थामा अमानवीय गुणले परिपोषित हुन पनि सक्छन् (शर्मा, २०४९, पृ.११४) । स्वैरकल्पनामूलक विज्ञान विषयमा आधारित 'प्रवेश निषिद्ध देश' कथामा नवआगन्तुक, 'म' यन्त्र आदि पात्रहरू रहेका छन् । यस कथामा मानव र मानवेतर पात्रको कुशल संयोजन गरिएको छ । यस कथामा अत्यन्त न्यून पात्रको प्रयोग गरिएको छ । नवआगन्तुक यस कथाको मुख्य पात्र हो । भूमिकाका आधारमा 'म' पात्र कथाको प्रारम्भदेखि अन्त्यसम्म रहे पनि समाख्याताको रूपमा रही कथालाई डोऱ्याउने कार्यमा सहायक पात्रका रूपमा देखापरेको छ । खेतीपातीदेखि देशको सुरक्षामा दखल राख्ने यन्त्र अर्को सहायक पात्र हो । ती पात्रहरूको यहाँ क्रमश उपशीर्षहरूमा चित्रण गरिएको छ ।

**नवआगन्तुक :** कथाको आदिभागदेखि अन्त्यभागसम्म सक्रिय तथा 'म' पात्रसँगै रहेको नवआगन्तुक यस कथाको मुख्य पुरुष पात्र हो । कथामा जेजति घटनाहरू घटेका छन् ती सबैको प्रमुख कारक नवआगनतुक भएकाले उसललाई प्रमुख पात्रको संज्ञा दिइएको हो । ऊ 'प्रवेश निषिद्ध देश' नामक मानवशून्य देशको एक्लो शासक हो । 'म' पात्र छहारीमुनि आराम गर्न बसिरहेको समयमा गोलो आकारको अत्याधुनिक जहाजमा ऊ तल ओर्लेको छ । अनुहारमा चिन्ता र उदासीनता, लगाइमा अत्यन्त आधुनिकता देखिने नवआगन्तुक 'म' पात्रलाई विश्वासमा पारेर आफ्नो 'प्रवेश निषिद्ध देश'मा लैजान सफल भएको छ । ऊ आफ्नो बोलीद्वारा नै जहाजलाई सञ्चालन गर्ने तथा आफूलाई आवश्यक पर्ने सबै सामग्री आवाजद्वारा नै परिपूर्ति गर्न सक्ने अत्याधुनिक मानव हो भन्ने कुरा यस उद्धरणबाट पनि पुष्टि हुन्छ - मैले भनें- "चिया । एउटा यन्त्र भित्तातिरबाट आयो । भित्ताले आफै सारिदियो । चिया टेबिलमा राखिदियो गयो । हामी चिया पिउन थाल्यौँ" (मल्ल,२०२६,९५) । ऊ एक्लो

छ तर त्यो देशमा कोही नपसून् भनेर कसैलाई थाहा नहुने गरी चारैतिर परमाणु सञ्चालित लहरहरू राखी प्रवेश गर्न खोज्ने सबैलाई खरानी बनाउने दोस्रो हिटलर हो। उसले 'म' पात्रलाई देखाएरै आफ्नो देशमा प्रवेश गर्न खोज्ने दुई जनालाई आँखाले देख्न नसक्ने यन्त्रद्वारा सदाको लागि अन्त्य गरिदिएको छ। यति मात्र होइन, यन्त्रद्वारा उसले राक्षसी प्रवृत्ति देखाएर दुई करोड मान्छेको हत्या गरेको छ। उसले यन्त्रद्वारा करिब दुई अरबलाई पुग्ने अन्न उत्पादन गर्छ। संसारका ठुला पावरहाउस, संसारको सबैभन्दा लामो पुल, फलाम उत्पादन, फलफूलहरूको पहिरो, अन्नहरूको पहाड, मासुको ढिस्को बराबरका सामग्री छन् तर त्यसको उपभोग गर्ने मानव नहुँदा सबै सामग्री यन्त्रद्वारा नै नष्ट गर्ने विसङ्गतिवादी पात्र हो। ऊ यन्त्र निर्माण गर्ने वैज्ञानिक मात्र होइन, आफ्नै परिवार र सबैभन्दा प्यारो सानो काखको बच्चा यन्त्रद्वारा हत्या गर्ने हृदयहीन क्रूर तानासाह हो। सबैलाई मारी एउटा सिङ्गो देशको अधिपति हुँदा पनि सन्तुष्ट हुन पनि नसक्ने ऊ एक मनोवैज्ञानिक तनावमा बाँच्ने संसारको सबैभन्दा दुखी पात्र हो। बिस वर्ष मानवरहित देशमा बसेको ऊ अर्को देशको मानिससँग भेट्दा खुसी त भएको छ तर देशको द्वार खोल्ने शब्द मात्र प्रयोग गर्दा यन्त्रद्वारा घाँटी समाउने पौराणिक पात्र कंसभन्दा पनि कडा परपीडक पात्र हो। "वातावरण वा कुनै घटनाले गर्दा परिवर्तन हुने पात्र गतिशील हुन्छ (बराल र एटम, २०५८, पृ.३०)। कथाको प्रारम्भदेखि अन्त्यसम्मका विविध प्रसङ्गमा व्यवहारमा परिवर्तन भएकाले स्वभावका आधारमा ऊ गतिशील पात्र हो। सारा मान्छे मारी एक्लै बसेको नवआगन्तुक आफ्नो देश गई मानवको समीपता खोज्नु, एक्लोपनमा विरक्तिनुजस्ता विषयवस्तुले उसलाई गतिशील पात्र भनिएको हो, कथामा उसको चरित्र मानवताशून्य देखिएकाले ऊ प्रतिकूल पात्र हो। कार्यव्यापारलाई प्रत्यक्ष रूपमा अगाडि बढाइएकाले आसन्नताका आधारमा ऊ मञ्चीय पात्र हो। कथाको संरचनामा महत्त्वपूर्ण भूमिका निर्वाह गरेकाले आबद्धताका आधारमा ऊ बद्ध पात्र हो। सामाजिक सम्बन्धका आधारमा उच्च पात्र हो। मानव भएर मानवकै अस्तित्व सखाप पार्ने ऊ तानासाह प्रवृतिको निकृष्ट विसङ्गतिवादी पात्र हो।

**'म' पात्र** : 'म' पात्र यस कथाको सहायक मानवीय पुरुष पात्र हो। प्रकृतिको काखमा रमाउने शान्तिप्रेमी पात्र हो। रुखको छहारीमा बसिरहेको 'म' पात्र गोलाकार जहाजमा आएको नवआगन्तुकबाट अत्यन्त प्रभावित भएको छ। निश्छल र पवित्र प्रकृतिप्रमी 'म' पात्र

नवआगन्तुकको देशमा बिस वर्षपछि पुग्ने पहिलो मानव हो । बोलीद्वारा सञ्चालित जहाज र यन्त्रका कामहरू देखेर आश्चर्य मान्ने 'म' पात्रले देशमा मानिसहरूको आगमनमा रोक लगाएकामा चिन्ता व्यक्त गरेको छ । यसबाट ऊ एक स्वतन्त्र व्यक्ति हो भन्ने पुष्टि हुन्छ । आफ्नै आँखाअगाडि देश प्रवेश गर्न खोज्ने दुई जना मानिस धुवाँ भएको देखेको 'म' पात्रले यन्त्रले रोपाइँ, सीमा सुरक्षा, फलफूल उत्पादन सबैमा मान्छेको एउटा पनि उपस्थिति नदेख्दा आश्चर्यचकित भएको छ । कतै मान्छेले खानै नपाउने अवस्था र कतै दुई करोडलाई जलाएर करिब  दुई अरबलाई पुग्ने खाद्यान्न खेर गएको प्रसङ्गले म पात्र आहात भएको छ  । "यो देशको द्वार खोलिदिनुहोस् मानिस पसिहाल्छन् (मल्ल,२०२६,पृ.९८)" । भन्नेबित्तिकै देशको सार्वभौमिकता र राष्ट्रियता विपरीत भयो भनी धन्नै ज्यान गुमाउन बाध्य 'म' पात्र अन्त्यमा त्यो देशबाट बाहिरिन चाहने मानवताप्रेमी, स्वाभिमानी पात्र हो । अतः प्रवृत्ति  आधारमा मानवहितको बारेमा आवाज उठाएकाले सत्, सामाजिक सम्बन्धका आधारमा मध्यम, कथाको प्रारम्भदेखि अन्त्यसम्म कथाको कार्यव्यापार प्रत्यक्ष रूपमा अगाडि बढाएको हुनाले मञ्चीय तथा कथाको संरचनामा महत्त्वपूर्ण भूमिका खेलेको हुनाले बद्ध पात्रका रूपमा परिभाषित गर्न सकिन्छ ।

**यन्त्र :** यन्त्र यस कथाको मानवेतर सहायक पात्र हो । नवआगन्तुकको 'प्रवेश निषिद्ध देश' सम्पूर्ण मानवले गर्ने काम यन्त्रले गरेको हुनाले कथाको भूमिकामा यन्त्रलाई  पनि सहायक  पात्रका रूपमा परिभाषित गरिएको हो । कथामा  नवआगन्तुक र  'म' पात्रलाई कुरा गरेकै आधारमा चिया प्रदान गर्ने पात्रको रूपमा यन्त्रलाई परिचित गर्न सकिन्छ । मानवीय संवेदना नबुझ्नु यन्त्रको मुख्य विशेषता हो । उसलाई जुन उद्देश्यले निर्माण गरिएको त्यही मात्र गर्न जानेको  हुन्छ । सबै मानिसलाई सखाप पार्ने आदेश दिँदा यन्त्रले 'प्रवेश निषिद्ध देश' को  सबै व्यक्तिहरू सखाप पारेको छ । यति मात्र होइन यन्त्रले शासक अथवा नवआगन्तुकको परिवारसमेत जलाएर खरानी पारेको छ । धान रोप्ने, फलफूलहरू उत्पादन गर्ने, उद्योगधन्दा सञ्चालन गर्ने, सीमा सुरक्षादेखि घरायसी सबै कार्यहरू यन्त्रले नै सम्पन्न गरेको छ । क्रूर शासकहरूमा उन्माद चढ्यो भने मानवसमाज कसरी अन्त्य हुन्छ भन्ने सङ्केत दिन प्रस्तुत कथामा यन्त्र सफल भएको छ । यसरी यन्त्रलाई मञ्चीय, बद्ध तथा वर्गगत पात्रका रूपमा परिचित गर्न सकिन्छ ।

### *परिवेश*

कथामा घटना घट्ने स्थान, घटनाको समय र कथा स्थलको आन्तरिक तथा बाह्य वातावरणलाई परिवेश भनिन्छ । परिवेशलाई पर्यावरण पनि भनिन्छ । रचनाकारले पात्रलाई मुख्य केन्द्रमा राखेर आफूले देखेका, सुनेका, भोगेका, अनुभव गरेका तथा परिकल्पना गरेका विविध घटनाहरूलाई कथामा प्रस्तुत गरेको हुन्छ (गिरी, सन् २०२०, पृ २०) । प्रस्तुत कथामा एउटा मात्र मानव भएको तर स्वचालित यन्त्रद्वारा मानवीय कार्य भएको फरक भूगोल भएको यन्त्रसम्मत स्वैरकल्पनामूलक परिवेशको चित्रण गरिएको छ । प्रस्तुत कथामा रूखको छहारी, फराकिलो फाँट, आकाश,पहाडको काख,तल, चौर, मूल द्वार, सिमाना, खेत, पहाड, खोला, नाला, बाहिरजस्ता स्थानगत परिवशका रूपमा आएका छन् ।

कथामा 'म' पात्र र नव आगन्तुकका क्रियाकलापबाट मनोवैज्ञानिक परिवेश खडा भएको छ। वैज्ञानिक उन्नति, प्रगति गरी एकल देश सञ्चालन गरे पनि नवआगन्तुक भित्रभित्रै रन्थनिएको छ । आफैले निर्माण गरेको यन्त्रद्वारा काखमा बसेको छोरा धुवाँ भएकोमा 'म' पात्र आन्तरिक रूपमा ग्लानिबोधले लछप्पै भिजेको छ । लगाइमा आधुनिकता भए पनि अनुहारमा चिन्ता र उदासीनता देखिनु, उसलाई एक्लै बस्दा नियास्रो लाग्नु, टेलिमाइज्ड गरेर अरू देशका क्रियाकलाप हेर्नु, दिल खोलेर कुरा गर्न नपाएर छटपटाउनु, बिस वर्षपछि मानिससँग भेट हुँदा खुसी हनु आदि नवआगन्तुकका मनोवैज्ञानिक परिवेशका उदाहरण हुन् । यसै गरी आफ्नै आँखाअगाडि नवआगन्तुकले यन्त्रद्वारा दुई जना मान्छेलाई धुवाँमा उडाउनु, म पात्रले अहिलेसम्म करिब दुई करोड जलाएको प्रसङ्गले आहत हुनु, कथाको अन्त्यतिर देशको द्वार खोलिदिन आग्रह गर्दा एकाएक घाँटीमा इस्पातले अँठ्याउनु, ज्यान जोखिममा परेको महसुस गरी अर्को देश लैजान आग्रह गर्नु आदि 'म' पात्रका मनोवैज्ञानिक परिवेशका उदाहरणहरू हुन् । समयगत परिवेशको रूपमा अध्ययन गर्दा 'म' पात्रसँगको कुराकानीका आधारमा नवआगन्तुकले एकलौटी शासन गर्न लागेको करिब बिस वष भएको छ । मध्याह्न, एकछिन, बिस वर्ष, दश वर्ष आदि समयगत परिवेशनाका नमुना हुन् ।

बोलीद्वारा जहाज सञ्चालित हुनु, ढोका स्वतः खुल्नु, उड्ने मेचजस्तोमा उठाएर माथि लैजानु, कुराकानीकै आधारमा मानवेतर पात्रले चिया ल्याउनु, प्रवेश निषेध गरिएको देशको

सडक छुनासाथ मानिसहरू धुवाँ हुनु, देशको चारैतिर परमाणु सञ्चालित लहरहरू निरन्तर प्रवाहित हुनु, खेतीपातीदेखि लिएर सीमा सुरक्षा, उद्योगधन्दालगायतका मानवले गर्ने काम अमानवीय वस्तुद्वारा हुनुले प्रस्तुत कथामा यन्त्रगत परिवेश दर्बिलो र गर्बिलो रूपमा प्रस्तुत भएको छ । समग्रमा प्रस्तुत कथामा तानासाहहरूको परपीडक तथा स्वपीडक परिवेशलाई प्रतीकात्मकताका साथ प्रस्तुत गरिएको छ । सबैलाई मारेर तानासाहहरू एकछिन त रमाइलो अनुभूति गर्लान् तर त्यो रमाइलो टुलुटुलु हेरिदने तथा खुसी भइदिने मान्छे नै नभएपछि उनीहरूको मुटुमा ढ्याङ्ग्रो ठोकिएको परिवेश नवआगन्तुकले “हो मानिसविना मेरो मन पनि यन्त्र जस्तो भइसकेको छ (मल्ल,२०२६, पृ.९८)” भन्ने भनाइले पुष्टि गरेको छ । अन्न, लत्ताकपडा, फलफूल आदि उत्पादन गरे पनि त्यसको उपभोग गर्ने मान्छे नै सखाप पार्ने क्रूर सन्की, हिंस्रक, बहुलट्ठी स्वभावको नवआगन्तुकको माध्यमबाट विश्वमा परमाणुद्वारा सबैलाई ध्वस्त पारी सिङ्गो विश्व आफ्नो हातमा लिन चाहने शासकको शासकीय परिवेश देखाइएको छ । अर्कातर्फ शान्तिको कामना गर्ने म पात्रको माध्यमबाट शान्त, स्वच्छ धरतीमा बाँच्ने चाहने जनताको स्वाभाविक परिवेशलाई पनि कुशल व्यवस्थापनका साथ चित्रण गरिएको छ ।

### *दृष्टिविन्दु*

कथामा कुन पात्रले कुन स्थानमा रहेर कथा भनेको छ त्यसको निर्क्योल गर्ने कार्य दृष्टिविन्दुबाट हुन्छ । ‘प्रवेश निषिद्ध देश’मा कथामा आन्तरिक परिधीय दृष्टिविन्दुको प्रयोग गरिएको छ । ‘म’ पात्रले नवआगन्तुकका सबै क्रियाकलापलाई नजिक नियालेर उसका गतिविधिलाई वर्णन गरेको छ । आफ्ना कुराभन्दा बढी प्रथम पुरुषीय ‘म’ पात्रले तृतीय पुरुषीय पात्र नवआगन्तुकका बारेमा चर्चा गरेको कुरा “उसको लुगा लगाइमा अत्यन्त आधुनिकता टप्कन्थ्यो र अनुहारबाट चिन्ता र उदासीनता (मल्ल, २०२६, पृ,९४)” भन्ने उद्धरणबाट पुष्टि हुन्छ । प्रस्तुत कथामा ‘म’ पात्रको माध्यमबाट नवआगन्तुकले निर्माण गरेको मानवरहित संसार र त्यसको असरका बारेमा अवगत गराइको छ । कथाकार मुख्य उद्देश्य तानासाहहरू शक्तिको उन्मादमा यन्त्रको प्रयोग गरी धरतीलाई कुन अवस्थामा पुर्‍याउँन सक्छन् भन्ने हो जुन कुरालाई ‘म’ पात्र कथावाचकको रूपमा प्रस्तुत भई पूरा गरेको छ । कथाको संरचनाको मुख्य केन्द्रविन्दु नवआगन्तुकको मानसिक संसार अथवा वैज्ञानिकद्वारा

यन्त्रनिर्माण, आफ्नो परिवारसहित सबै मानवको अन्त्य, त्यसबाट उत्पन्न ग्लानि, आफू यन्त्रवत् भएको स्वीकारोक्तिजस्ता कुराहरूबाट कथाकारले नवआगन्तुकलाई पृथ्वीको एक भयङ्कर अकल्पनीय क्रूर शासकको रूपमा परिभाषित गरिएको छ । नवआगन्तुकका स्वाभाविक उतारचढावअन्तर्गत एक्लो संसार चाहने व्यक्तिले पनि 'म' पात्रलाई भेट्न फरक देशमा जानु, उसलाई लिएर आफूमात्र भएको एकल देशको अवलोकन गराउनुजस्ता विषयवस्तुले प्रस्तुत कथामा नवअगन्तुकको सूक्ष्म विश्लेषण गरिएको छ । यी सबै क्रियाकलापको साक्षीको रूपमा मात्र 'म' पात्र प्रस्तुत भएको छ । यी सबै विषयवस्तुको अध्ययन गर्दा प्रस्तुत कथा आन्तरिक परिधीय दृष्टिविन्दुमा अनुबन्धित रहेको स्पष्ट हुन्छ ।

## *सारवस्तु*

कथाको अध्ययनपश्चात् प्राप्त हुने शिक्षा, सन्देश वा उद्देश्यको समष्टि रूपलाई सारवस्तु भनिन्छ । प्रस्तुत कथामा विज्ञानको चरम उन्नति नै मानवजीवको सर्वनाशको कारक हुन सक्छ भन्ने सारवस्तु प्राप्त गर्न सकिन्छ । विज्ञानको उन्नति, प्रगतिले शक्तशाली देश तथा मावनलाई मान्छेको आवश्यक्ता कम हुँदै गइरहेको सन्दर्भमा प्रस्तुत कथा यही गतिमा वैज्ञानिक क्रियाकलाप अगाडि बढेको खण्डमा भोलिका दिनमा केही क्रूर तानासाह मात्र रहने अरू सबै मानव धुवाँजस्तै उडेर सकिने दर्बिलो तर्क प्रस्तुत गर्नु कथाको मुख्य भाव रहेको छ । एकातिर केही शान्तिप्रेमी मानवहरू रुखको छहारीमा शीतलताको साथमा लामो जीवन बाँच्ने आशामा स्वच्छन्द हिँडडुल गर्न चाहन्छन् भने अर्कातर्फ शक्तिको होडमा आणविक हातहतियार तथा परमाणु बमको क्षमता प्रस्तुत गरी नरसंहार गर्नमा शक्तिसम्पन्न शोषक, सामन्तहरू उद्यत रहेको कठोर यथार्थता प्रकट गर्नु प्रस्तुत कथाको अर्को महत्त्वपूर्ण उपलब्धि हो । मान्छेले जति नै वैज्ञानिक प्रगित गरी एकैपटकमा अरबौँलाई पुग्ने खाद्यान्न, फलफूल, लत्ताकपडा आदि उत्पादन गरे पनि त्यसको उपभोग गर्ने मानव नै छैन भने त्यो उत्पादनको के अर्थ रह्यो र भन्ने तितो यथार्थता प्रकट गरिएको छ । वैज्ञानिक प्रगतिको नाउँमा आफ्नै परिवारसमेत खरानी बनाउने प्रगति मानवले आविष्कार गरेका उन्नतिमध्ये सबैभन्दा खराब र अक्षम्य रहेको सन्देश प्रस्तुत कथामा अभिव्यक्त गरिएको छ । मानवको अस्तित्व मेटाउने यस्ता यन्त्र केवल सन्कीको भरमा निर्माण गरिए पनि भविष्यमा तिनै

स्वचालित यन्त्रद्वारा स्वयम् निर्माण गर्ने व्यक्ति मृत्युको मुखमा जानुपर्ने स्थिति आउनेतर्फ कथामा प्रतीकात्मक सङ्केत गरिको छ। 'प्रवेशनिषिद्ध देश' एक नितान्त वैज्ञानिक कथा हो। यसमा कथाकारले मेसिनको उत्पादनशील उपयोग मात्र नभएर ध्वंसात्मक प्रयोग हुने सम्भावित अवस्थाको समेत परिकल्पना गरेका छन् (तिमल्सिना, योगेन्द्र, अनु.९)"। जति नै अत्याधुनिक आविष्कार गरी सबै शक्ति आफ्नो मुठीमा लिई सर्वेसर्वा भए पनि आखिरमा मानवलाई मानव नै चाहिन्छ। ऊ मान्छेविना यन्त्रजस्तै हुन्छ। मान्छेको सुखदुःख मान्छेले नै राम्ररी बुझ्न सक्छ। मान्छेविनाको मान्छेको जीवन निरस तथा मरुभूमिसरह हुन्छ भन्ने सन्देश प्रस्तुत कथाबाट प्राप्त हुन्छ। बिस वर्ष एक्लै बस्दा वाक्क लागेर नवआगन्तुकले अर्को देशको मानव 'म' पात्रलाई आफ्ना मनका गथासाहरू सुनाएको प्रसङ्गले पनि मानवको विकल्प मानवबाहेक अन्य पक्ष हुन नसक्ने स्पष्ट भएको छ। अतः विज्ञानको आविष्कार केवल मानव जीवनलाई सहज, सरस बनाउन मात्र प्रयोग हुनुपर्छ, शक्तिको होडबाजीमा मानवको संहार गर्न होइन भन्नु नै प्रस्तुत कथाको मुख्य सारवस्तु हो।

### ***रूपविन्यास***

कथाको सूक्ष्म घटकलाई रूपविन्यास भनिन्छ। यस भित्र पद पदावली, वाक्यगठन, अनुच्छेदयोजना भाषाशैली, विम्ब, प्रतीक, अलङ्कार, प्राक्सन्दर्भ, शीर्षकजस्ता विषयवस्तुहरू समेटिएका हुन्छन् (श्रेष्ठ,२०७९, पृ.२०)। प्रस्तुत कथाको भाषाशैली सरल, सहज तथा आकर्षक रहेको छ। नवआगन्तुकले छहारीमा आराम गरिरहेको मान्छेलाई 'प्रवेश निषिद्ध देश'मा लैजानु, बिस वर्षपछि आफ्नो देशमा एउटा मात्र मानवलाई स्वागत गर्न पाउँदा खुसी हुनु, स्वाचालित यन्त्रहरूले एउटा मात्र मान्छे बस्ने देशमा मान्छेले जस्तै सारा काम गरेको देख्दा 'म' पात्र आश्चर्यमा पर्नु, स्वचालित यन्त्रद्वारा करिब दुई करोड जनसङख्या नव आगन्तुकको निर्देशनमा नरसंहार हुनु, देशको द्वार खोली मान्छे प्रवेश गराउने कुरा गर्दा 'म' पात्र धन्नै मर्नु, 'म' पात्र डराएर नवआगन्तुकलाई अर्को देशमा लैजान आग्रह गर्नुजस्ता घटनालाई कथाकारले काल्पनिक विषयवस्तु भए पनि स्वच्छन्दतावादी शैलीशिल्पका साथ कलात्मक, कुतूहलमय, सरल, सहज भाषाको प्रयोग गरेका छन्।

प्रस्तुत कथामा आकाश, वस्तु, व्यक्ति, कौतूहल, अत्यन्त, आधुनिकता, उदासीनता, निवासी, यन्त्र,यात्री, स्वदेश, जलवायु, उत्पादन, धन्यवाद, प्रवेश, निषिद्ध बाधा, प्रबन्ध, प्रकार, वैज्ञानिक, सुन्दर, भवन, सञ्चालित, स्वतः गुप्त, चित्र, मूलद्वारजस्ता तत्सम शब्दहरूको प्रयोग गरिएको छ । एक्लै, काग, ठुलो, म हात, करोड, अरब, दुई, बिस, मानिस, तर,एउटा, त्यहाँ, सडक, भित्र, धुवाँ, बाटो, थाहा, तीन, सय, यस्तो, हामी, सिमाना, चार, जना, तपाईँ, स्थान, आँखा, खेत, कोही, लामो, पाँच, एक्लो, रमाइलो, पहाड, सानो, काख, बाहिरजस्ता तद्भव शब्दहरूको प्रयोग गरिएका छ । टप्कनु, ढङ्ग, भित्ता, रोक, लौ, उस, पहिलो, टाढा, घुम्न, न्यास्रो, जिल्लिदै, ढिस्को, किक्लिक्कजस्ता झर्रा नेपाली शब्दहरूको प्रयोग गरिएको छ । बखत, जवाफ, जहाज, प्लेन, मेच, चिया, कफी, टेबिल, माइल, खतम, फगत, जहाज, टेलिभिजन, फार्म, अटोमेटिक, इलेक्ट्रोनिक, ड्याम, पावर, सेट, स्टप, फ्याक्ट्रीजस्ता आगन्तुक शब्दहरूको प्रयोग गरिएको छ ।

उसको लुगा लगाइमा अत्यन्त आधुनिकता टप्कन्थ्यो र अनुहारबाट चिन्ता र उदासीनता । यही त विचित्र छ । यहाँ सब स्वचालित यन्त्रहरूले काम गर्छन्, उत्पादन गर्छन, नष्ट गरिदिन्छन् र फेरि निर्माण गर्दछन् । यन्त्रहरू त्यस्तो विघ्न आफ्नो नेतालाई चिन्दारहेछन्, मान्दारहेछन् इलेक्ट्रोनिक आँखा त्यस्तो राम्ररी परिचय प्राप्त गरी ग्रहण गरी राख्न सक्दारहेछन् । अब म यहाँ एक्लो छु एक्लो ! न्यास्रो लाग्छ । मानिस देख्न पाउन्नँ, कुरा गर्न पाउन्नँ । फलफूलहरूको पैह्रो लाग्छ अन्नको पहाड बन्छ । मासुको ढिस्को बन्छ तर खाने कोही छैनन् । उसले भन्यो यो देशमा भन्नु, सार्वभौमिकता र राष्ट्रियताको विपरीत छ, बुझ्नुभयो ? आदि वाक्यमा प्रयुक्त सुन्दर शब्दविन्यास, मझौला खालका वाक्यविन्यास, अनुप्रासमय शब्दावलीहरू, तथा विभिन्न विम्ब तथा प्रतीकहरूको प्रयोगले प्रस्तुत कथाको रूपविन्यास उच्चकोटिको बनेको छ । माथिका प्रतिनिधिमूलक वाक्यहरूले कथाको सारवस्तुमा बाधा नपुऱ्याएका हुनाले प्रस्तुत कथामा संवृत्त रूपविन्यास रहेको छ ।

## ***शीर्षकको सार्थकता***

प्रस्तुत कथाको शीर्षक 'प्रवेश निषिद्ध देश' राखिएको छ । व्याकरणिक दृष्टिले प्रवेश नाम पद, निषिद्ध, विशेषण पद र देश नाम पद रहेको छ । अर्थगत दृष्टिले नेपाली वृहत्

शब्दकोशअनुसार क्रमशः 'प्रवेश'को "अर्थ बाहिरबाट भित्र जाने वा पस्ने काम" (पोखेल, २०७५, पृ.८३१), 'निषिद्ध'को अर्थ "निषेध गरिएको ,रोक लगाइएको" (पोखेल, २०७५, पृ.६९९) तथा 'देश'को अर्थ "चारैतिर फैलिई अनेकौं गाउँ, सहर, जिल्ला, अञ्चल, वा प्रान्त मिलेर बनेको एक विशिष्ट मुलुक" (पोखेल, २०७५, पृ.८३१) हुन्छ । प्रस्तुत कथामा नवआगन्तुकले परमाणु सञ्चालित लहरहरू निरन्तर प्रवाह गरी कुनै पनि अर्को देशको मान्छेको प्रवेशमा रोक लगाएको छ । कोही मान्छेले सिमानामा पाएला मात्र राखे पनि उसले स्वचालित यन्त्रद्वारा हत्या गरिदिन्छ । बिस वर्षसम्म उसले कुनै मान्छेलाई आफ्नो देशमा प्रवेश गर्ने अवसर प्रदान गरेको छैन । उसले आफ्नो चाहनाअनुकूल मात्र 'म' पात्रलाई बिस वर्षको अन्तरालमा देशमा प्रवेश गराएको छ । यसरी कथाको मुख्य पात्र नवआगन्तुकले स्वचालित यन्त्रद्वारा देश प्रवेश गर्ने सबै बाटाहरू पूर्णतया बन्द गरिदिएकोले प्रस्तुत कथाको शीर्षक र विषयवस्तुका सोझो सम्बन्ध देखिएकोले प्रस्तुत कथाको शीर्षक "प्रवेश निषिद्ध देश" सफल सार्थक र औचित्यपूर्ण देखिन्छ ।

## निष्कर्ष

मनोवैज्ञानिक तथा अस्तित्ववादलाई मूल केन्द्र बनाएर कथा रच्ने विजय मल्लको प्रस्तुत 'प्रवेश निषिद्ध देश' कथा मूलतःअस्तित्ववादलाई रूचि क्षेत्र बनएर लेखिएको छ । प्रस्तुत कथा विज्ञानको चरमोत्कर्षता र त्यसले मानव जीवन सङ्कटमा परेको विषयवस्तुलाई स्वैरक ल्पनाको सहारमा स्वच्छन्दतावादी रीतिक्षेत्र अँगालेर रचिएको छ। प्रस्तुत कथामा वैज्ञानिक उन्नति, प्रगतिले उच्च फड्को मारे पनि त्यो प्रगति मानवकै अस्तित्व सङ्कटमा पर्ने अवस्थामा त्यसलाई स्वीकार गर्न नसकिने विचार प्रकट गरिएको छ । एउटा सिङ्गो देशमा आफू मात्र बाँचेर यन्त्रद्वारा करोडौं मान्छेलाई मृत्युको मुखमा पुर्‍याउने तानासाहाहरू सत्ता र शक्तिको उन्मादमा बहुलाएका महामूर्ख हुन् भन्ने मुख्य कथ्य प्रस्तुत कथामा प्राप्त गर्न सकिन्छ। संसारमा करोडौं मान्छे भोका, नाङ्गा छन् तर केही सन्की मान्छेहरू अरबलाई पुग्ने अन्न, लत्ताकपडा उत्पादन गरेर सबै नष्ट गरी पुरुषार्थ देखाउँछन् भने ती सबै मानवजीवनका अक्षम्य नराधमहरू भएको सार प्रस्तुत गर्नु यस कथाको महत्त्वपूर्ण पाटो हो । कथामा वर्णित नवआगन्तुकका क्रियाकलापले प्रस्तुत कथा विसङ्गतिवादी चिन्तनतिर उन्मुख भएको

देखिन्छ तर बिस वर्षपछि मान्छेलाई भेट्ने रहर जागी 'म' पात्रलाई भेटेर खुसी भएको प्रसङ्गले अस्तित्ववादको पुनर्जन्म भएको देखिन्छ। 'म' पात्र रुखको छाहारीमा बस्नु तथा नव आगनतुकका क्रियाकलापबाट आत्तिएर अर्को देशमा जान चाहनुले पनि अस्तित्ववादी चिन्तन मुखरति भएको स्पष्ट हुन्छ। आफ्नो सानो छोरा तथा जहानसमेत यन्त्रले हत्या गरिदिनु, कसैसँग कुरा गर्न नपाउनु, एक्लो जीवन यन्त्रमय बन्नुजस्ता घटनाको माध्यमबाट नवआगन्तुको मनोविश्लेषण गरिएकाले प्रस्तुत कथामा शक्तिशाली देशका क्रूर शासकहरूको मनोविज्ञान केलाउने उद्देश्य पनि राखिएको पाइन्छ। वर्णनात्मक प्रवाहमय शैलीमा रचिएको प्रस्तुत कथा स्वैरकल्पनाको माध्यमबाट विज्ञानजस्तो विषयवस्तुलाई समेत यथार्थ लाग्ने गरी प्रस्तुत गर्नु मल्लको कथाकारिताको उच्चतम प्राप्ति हो। तत्सम, तद्भव, आगन्तुक, झर्रा शब्द तथा विभिन्न विम्ब, प्रतीक र अलङ्कारको उपयोगमा छोटा, छरिता वाक्यगठनले प्रस्तुत कथा थोरै पात्र र झिनो कथावस्तु भए पनि वियवस्तुगत दृष्टिले उच्च कोटिको बन्न पुगेको छ। झिनो कथा तथा थोरै पात्रहरूको प्रयोग गरिएको प्रस्तुत कथा आदि, मध्य र अन्त्यको क्रमिक शृङ्खलामा बाँधिएको छ। संवृत्त रूपविन्यासको प्रयोग गरिएको प्रस्तुत कथा उच्च तथा मध्यम वर्गका पाठकका लागि पठनयोग्य देखिन्छ। समग्रमा विज्ञानको प्रगति मानवहितको लागि हुनुपर्छ। मानवको अस्तित्वभन्दा टाढाको वैज्ञानिक उन्नति प्रगति नभएर दुर्गति हो भन्ने सार रहेको प्रस्तुत 'प्रवेश निषिद्ध देश' कथा मूलतः अस्तित्ववादी र आंशिक रूपमा विसङ्गतिवादी र मनोविज्ञानवादी जीवनदर्शनका आधारमा निरूपण गर्न सकिन्छ।

**कृतज्ञताज्ञापन**

प्रस्तुत लेख पढी उपयुक्त सुझाव दिएर यसलाई परिमार्जन गर्न सहयोग पुऱ्याउनुहुने विज्ञज्यूप्रति हार्दिक आभार व्यक्त गर्दछु।

## सन्दर्भसूची

घोडासैनी, खगेन्द्र. (२०७७). *कथाको रचनाविधान.* सनलाइट प्रकाशन।

घोडासैनी, खगेन्द्र.(२०८१). *नरेन्द्र दाइ उपन्यासको रचनाविधान.* हैमप्रभा, २३ (१) १६-२८

तिमिल्सिना, योगेन्द्र. https://sahityapost.com/gair-aakhyan/gair-aakhyan-samicha/152550 .

भण्डारी, पारसमणि र अन्य (२०६७). नेपाली गद्य र नाटक. (ते.सं.). विद्यार्थी प्रकाशन ।

पौडेल, विष्णुप्रसाद (२०५७). *संस्कृत काव्यशास्त्र.* भुँडी पुराण प्रकाशन ।

बराल,कृष्णहरि नेत्र एटम. (२०५८). *उपन्यास सिद्धान्त र नेपाली उपन्यास.* (दो. सं.). साझा प्रकाशन

मल्ल, विजय. (२०२६). *एक बाटो अनेक मोड.* साझा प्रकाशन ।

श्रेष्ठ, दयाराम. (२०७९). *कथा दर्शन.* नेपाल प्रज्ञाप्रतिष्ठान ।

श्रेष्ठ, दयाराम. (२०६७). *नेपाली कथा भाग ४.* (चौ.सं.). साझा प्रकाशन ।

श्रेष्ठ, श्रीराम. SAHITYA SAGAR August 10, 2021.

शर्मा, मोहनराज. (२०५९). *शैलीविज्ञान* (दो.सं.). नेपाल राजकीय प्रज्ञाप्रतिष्ठान ।

सुवेदी, राजेन्द्र .(२०६४). *सिर्जनात्मक लेखन : सिद्धान्त र विश्लेषण* (दो.सं.). पाठ्यसामग्री पसल